स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईले आफूलाई राजनीतिप्रति चासो भएपनि भविष्यमा समेत राजनीतिमा आउने कुनै योजना नरहेको बताएका छन् । अभिनभन्दा राजनीति निकै गाह्रो भएको उनको बुझाई छ । उनी भन्छन्, 'राजनीतिक कहाँ सजिलो छ र ? समाजलाई सही दिशा दिनुपर्ने जिम्मेवारी यसमै जो छ ।' दयाहाङले थुप्रै राजनीतिक विषयवस्तु माथि निर्माण भएको फिल्म अभिनय गरेका छन् । उनले अभिनय गरेको प्राय: फिल्ममा राजनीति फोहोरी खेल भनेर समेत देखाइएको छ ।

**आजको विचार...**



कानुनी... (दुई पेजमा)

विष्णुप्रसाद खनाल



गायक प्रकाश सपुतले 'कुरा बुझ्न पर्च'को नयाँ श्रृंखलाको रुपमा नयाँ गीत 'जाली रुमाल फाट्यो' सार्वजनिक गरे । सपुतको संगीतमा समीक्षा अधिकारीको स्वर रहेको छ । दुई अभिनेत्रीहरु आँचल शर्मा र स्वस्तिमा खड्का गीतमा फिचर्ड छन् । यो गीतको अन्त्यमा सपुत र स्वस्तिमालाई देख्न सकिन्छ । इन्डिङमा बोलिएको भद्दा संवाद अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ । अनावश्यक रुपमा स्वस्तिमालाई भल्गार शब्द बोल्न लगाएको भन्दै सपुत आलोचित बनेका छन् । यो विवादबीचमा गायक सपुतले उक्त विवादास्पद संवादलाई हटाएका छन् ।

❑ वर्ष २९ ❑ अंक ५८ ❑ २०८० भदौ २७ गते बुधबार 13 September 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### पाल्पामा समाचारघर साप्ताहिकको पुर्नजन्म




**पाल्पा,** भदौ २६/पाल्पा आवाजको नामबाट विगत १७ वर्ष पहिला दर्ता भएको पत्रिकाले किसिम परिवर्तन गरी समाचारघर साप्ताहिक सुरु गरेको छ । साप्ताहिकको पहिलो अंक मंगलबार एक समारोहका बिच जिल्ला समन्वय समिति पाल्पाकी उप-प्रमुख काशिका गैरेले सार्वजनिक गरेकी हुन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, पूर्वअध्यक्ष राजेशकुमार अर्याल, समाचारघर साप्ताहिकका दयाराज न्यौपाने, सम्पादकहरु कमलराज तिमिल्सिना, सुर्दशन पाण्डे, लेखक गोपाल बस्याल लगायतले साप्ताहिकको निरन्तरता होस् भनी शुभकामना व्यक्त गरेका थिए ।


# शिक्षण सहयोग अनुदानमा अनियमितता

## गार्गी माविका दुई शिक्षकले पाएनन् पुरा तलब

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २७/जिल्लाको तानसेन नगरपालिकास्थित एक विद्यालयमा शिक्षण सहयोग अनुदानबापत आएको रकममा अनियमिता भएको पाइएको छ । तानसेन नगरपालिका-११ रानीपोखरी बन्दीपोखरामा रहेको गार्गी माध्यमिक विद्यालयमा शिक्षण अनुदानको रकममा अनियमिता भएको पाइएको हो ।

विद्यालयका दुई शिक्षिकाका लागि संघीय र स्थानीय सरकारबाट प्राप्त भएको शिक्षण सहयोग अनुदानबापतको १३ लाख ४१ हजार ९ सय २९ रुपैयाँ रकम अनियमिता भएको छ । मावि लेखा विषय शिक्षिका मीना भाट र अंग्रेजी विषय शिक्षिका पार्वती सुन्दौलीले शिक्षण सहयोग अनुदान कोटामा अध्यापन गराउँदै आएका छन् तर विद्यालयले उनीहरुलाई



अनुदानबापत प्राप्त भएको रकम नदिएर कर कट्टी गरी मासिक १४ हजार ८ सय ५० रुपैयाँ मात्र दिंदै आएको छ । मावि तहको लागि अनुदान रकम अनुसार ३७ हजार ९ सय ९० मासिक तलब हुनुपर्ने हो, तर विद्यालयले ति शिक्षिकाहरुलाई १४ हजार ८ सय ५० दिंदै आएको छ । विद्यालयले आर्थिक अनियमिता मात्र गरेको छैन शिक्षिकाहरुको श्रममा समेत शोषण गरेको प्रष्ट हुन्छ । २०७८ /११ /२७ मा ससर्त बजेट अन्तर्गतको अनुदान दिने गरी पार्वती सुन्दौलीलाई नियुक्त गरिएको थियो । उनलाई आर्थिक वर्ष २०७८/०७९ मा मासिक ३५ हजार ९ सय ९० अनुसार ४ लाख ३१ हजार ८ सय ८० दिनुपर्नेमा विद्यालयले ५५ हजार ३ सय ८० मात्र भुक्तानी गरेको छ । यस्तै सुन्दौलीलाई आर्थिक वर्ष २०७९/०८० मा अनुदान घटेर आएकाले विद्यालयलले २०७९/१०/२२ मा पुन: निमाविको नियुक्ती दिएको थियो । उक्त अवधिमा पनि विद्यालयले मासिक १४ हजार ८ सय ५० नै दियो । यस्तै २०७६/१०/२१ मा निसर्त बजेट अन्तर्गतको अनुदान दिने गरी शिक्षिका मीना भाटलाई मावि तहमा नियुक्त गरिएको थियो । उनलाई पनि मासिक ३७ हजार ९ सय ९० अनुसार ४ लाख ५५ हजार ८ सय ८० दिनुपर्नेमा आर्थिक वर्ष २०७९/०८० मा २ लाख ५ हजार मात्र भुक्तानी दिइएको छ । शिक्षिका भाटले नियुक्ती भएदेखि १६ लाख १९ हजार ७ सय ६० बराबर भुक्तानी पाउनु पर्नेमा ७ लाख मात्र पाएको देखिन्छ । उनको ९ लाख १९ हजार ७ सय ६० रुपैयाँ विद्यालयले अनियमिता गरेको छ । यस्तै शिक्षिका सुन्दौलीले पनि पाउनुपर्ने ४ लाख २२ हजार १ सय ६९ पाएकी छैनन् ।

अनियमिता गरिएको रकममा विद्यालयका प्रधानाध्यापक यादव घिमिरे र व्यवस्थापन समितिका अध्यक्ष दामोदर घिमिरेको नाम मुछिएको छ । उनीहरुकै मिलोमतोमा रकम अनियमिता भएको बताइएको छ । प्रधानाध्यापक घिमिरेले भने विद्यालयको बचाउ गर्दै शिक्षकसँगको आपसी समझदारीमा तलब दिँदै आएको बताए । अनुदानमा आएको रकममा आपसी समझदारी गर्न नमिल्ने व्यवस्था भए पनि उनले मौखिम समझदारी गरेको दावी गरे । घिमिरेले बाँकी रकम अनियमिता नगरेको तर विद्यालयको मर्मत सम्भार र मसलन्दमा खर्च गरेको बताए । जुन शिर्षकका लागि आएको रकम हो त्यो भन्दा बाहिर गएर खर्च गर्न नपाइने व्यवस्था भए पनि विद्यालयले सम्बन्धित शिर्षक भन्दा बाहिर गएर खर्च गर्नुले पनि अनुदानमा अनियमिता भएको प्रष्ट हुन्छ । २०७६ माघदेखि अध्यापन गराउदै आएकी शिक्षिा मिना भाटले पहिले आफ्नो तलब यति धेरै हुन्छ भन्ने थाहा नै नभएको बताइन् । उनले भनिन् 'नियुक्ति दिँदा तपाईको तलब १५ हजार हुन्छ मात्रै भन्नुभयो, दुई/चार पैसा भए पनि आम्दानी हुने घरपाई मिलेको जागिर भनेर पढाउन थाले ।' दुई वटा तलवी भरपाईमा सिग्नेचर गर्नुपर्ने भाटले बताइन् । उनले भनिन् 'हामीलाई विद्यालयमा राख्ने भरपाईमा १४ हजार ८ सय ५० र नगरपालिकालाई बुझाउनुपर्नेमा ३७ हजार ९ सय ९० को तलवी भरपाईमा सिग्नेचर गर्न लगाईन्छ, हामीले पनि नबुझेर सही गर्दै आयौं ।' अहिले नगरपालिकाबाटै फोन गरेर कति तलब बुझ्नु भएको छ भनेर सोधेपछि मात्र थाहा पाएको उनले सुनाइन् । २०७८ देखि अध्यापन गराउँदै आएकी अर्की शिक्षिका पार्वती सुन्दौलीले नियुक्ति लिंदा व्यवस्थापन समितिले १५ हजार तलब हुन्छ भनेको बताइन् । उनले भनिन् 'जसोतसो जागिर पाइएको छ । हुन्छ थोरै भएपनि गर्छु भनेर पढाउन थालेकी हुँ, तर हाम्रा नाममा यत्रो तलब हुन्छ भन्ने नै थाहा भएन ।' अहिले दुवै जना पीडितले पुरा तलब उपलब्ध गराउन माग गर्दै तानसेन नगर सरकारको शिक्षा शाखामा निवदेन समेत दिएका छन् ।

नगर शिक्षा शाखामा बुझाउने भरपाईमा भने वास्तविक तलबमा नै हस्ताक्षर गरेर पठाइएको शिक्षा शाखा अधिकृत कोपिला न्यौपानेले बताइन् । उनले भनिन् 'विद्यालयले नगरमा पेशको गरेको भरपाईमा तलब सहि दिएको प्रमाण पेश भएको छ तर विद्यालयको भरपाईमा भने १५ हजार भुक्तानी दिइएको पाइयो, यो नियम विपरीतको कार्य हो ।' शिक्षण सहयोग अनुदानमा अनियमिता भएको थाहा पाउन साथ नगर शिक्षा शाखाबाट स्थलगत अनुगमन समेत गरिएको शिक्षा अधिकृत न्यौपानेले बताइन् । प्रतिवेदन तयार पछि आवश्यक प्रक्रिया अगाडि बढाइने उनको भनाई छ ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं ।

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू-क्षयबाट बचौं र बचाऔं ।


नेपाल सरकार

विज्ञापन बोर्ड

# एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधन

**पाल्पा,** भदौ २६/संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले) का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको निधन भएको छ । उनको मंगलबार बिहान हृदयाघातबाट निधन भएको हो ।

सामान्य रुघाखोकी लागेर घरमा आराम गरिरहेका नेम्वाङलाई हृदयघात भएपछि उपचारका लागि मंगलबार बिहान १:३० बजेको समयमा त्रिवि शिक्षण अस्पताल लगिएकामा उपचारको क्रममा त्यहीं निधन भएको उनका स्वकीय सचिव कृष्णप्रसाद काफ्लेले जानकारी दिए । विसं २००९ फागुन २८ गते जन्मिएका नेम्वाङ नेपाली राजनीतिमा शालीन र सबैलाई मिलाएर जान सक्ने नेताको रुपमा छवी बनाएका थिए ।



**राजकीय सम्मान सहित अन्त्यष्टि**

नेम्वाङको अन्त्यष्टि भोलि (बिहीबार) ११ बजे राजकीय सम्मान सहित अन्त्येष्टि गरिने भएको छ । पार्टी प्रचार विभागका सचिव गगन विष्टले नेम्वाङको अन्त्यष्टि बिहीबार ११ बजे राजकीय सम्मानका साथ पशुपति आर्यघाटमा गरिने जानकारी दिएका छन् । त्यसअघि आज १ बजेसम्म श्रद्धाञ्जली अर्पणका लागि च्यासलस्थित पार्टी कार्यालयमा नेम्वाङको पार्थिव शरीरलाई राखिनेछ । त्यसपछि उनको शवलाई बालुवाटारस्थित निवासमा राखिने पार्टी प्रचार विभागका सचिव विष्टद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सरकारले अन्त्यष्टि गरिने दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अस्तभयो : सत पुरुषको

नेपालको प्रजातन्त्र पुनःस्थापना र लोकतान्त्रिक युगका पवित्र पात्र, सुभासचन्द्र नेम्वाङको मंगलबार बिहान १ बजे भएको निधनले मुलुकले अर्को एउटा नक्षत्रलाई गुमाउनुको पीडावोध गरिरहेको छ । वास्तवमै नेम्वाङ आफैमा यो युगका पवित्र अवतार जस्तै थिए । उनी र उनको प्रस्तुति अनि व्यवहारमा कुनै पनि किसिमको फरकपना कहिल्यै पनि पाइएन । सादा जीवन अनि उच्च विचारक, जनजातीका छोरो, जनप्रियताका शिखर पुरुषको अवसानले सिंगो मुलुकले एउटा नक्षत्र गुमाएको भान भएको छ । उनी बस्दा, हिँड्दा, अनि हरेक क्रियाकलापमा उनीबाट आमनेपाली जनताले आशा र भरोसाको ढाड्स भएको अनुभूति गर्ने गर्थे । संसद होस् यो संविधानसभामा नै किन नहोस्, जनताका असल पक्षधर भनेर उनी उदयमान नेताका रुपमा प्रकट भए जस्तो गरेर अल्पायुमै भएको उनको अवशान आमनेपाली जनसमुदायका लागि मात्र नभएर दक्षिण एसियाकै जनपक्षीय नेता गुमेको पीडावोध भइरहेको छ ।

प्रजातन्त्र प्राप्ति र लोकतान्त्रिक आन्दोलनमा उनले खेलेका हरेक भूमिकाहरु महत्वपूर्ण राजनैतिक दर्शन जस्तै भएका छन् । संविधान निर्माण प्रक्रियामा संविधानका निर्माता स्वर्गिय शुसिल दा, लाई उनले दिएको ढाड्सलाई स्वर्ण अक्षरमा उल्लेख गर्ने गरी स्थापित सत्य सावित भएका बेला एकाएक उनको अवशानले मुलुकमा विचार र विवेकशील राजनीतिज्ञहरुको खडेरीको तापक्रम बढेको अनुभूति हुने गर्दछ । 'मृत्यु सत्य हो, जीवन अजर हुँदैन' भन्ने मान्यताका आधारहरु पनि हामीबीच नभएका होइनन् । तर पनि उनको अस्त ठुलो बज्रपात नै हो । आत्मा मर्दैन भन्ने आध्यात्मिक सोंच र पौराणिक वैदिक परम्परामा सत्यता छ भने उनको आत्माले वैकुण्ठवास पाओस् अनि पुर्नजन्म हुँदा नेपालकै कोखमा प्रार्दूभावी शैलीबाट प्राप्त गर्न सकियोस् भन्ने कामना गर्ने भन्दा अर्को विकल्प रहेनछ । त्यसकारण एक युगमा एकाद मात्रै यस्ता पुरुषहरुलाई मुलुकले प्राप्त गर्छ तर उनीहरुको इच्छा पूरा नहुँदै दैवको लीलामा विलीन हुने परम्परालाई यो पटक पनि दैवले कार्यान्वयन गरेर देखायो । अलविदा कमरेड, नेपालीका प्रिय नेता, हामी सबैका अभिभावक भन्ने बाहेक अर्को विकल्प छैन । नेम्वाङ परिवारमा परेको यो बज्रपातको धैर्यताका साथ सामना गर्ने शक्ति प्राप्त होस् । उनले सोंचेका तर कार्यान्वयन गर्न बाँकी रहेका अधुरा कामहरु पूरा गर्ने तर्फ लाग्नु नै हामी सबैको दायित्व हो ।

## Opinion @ Social Network

कुनै विकल्प नछोडी चारैतिरबाट असफलताको घेरवारले घेरेको बेला सल्लाह दिने होइन नि मित्र साथ दिनेको खाचो परेको हुन्छ ।

(सन्तोष पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/santosh.pokharel)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कानुनी नजरमा ज्येष्ठ नागरिक र राज्य



**विष्णुप्रसाद खनाल**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ का अनुसार साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई सम्झनु पर्दछ भनी परिभाषित गर्दै जीवन यापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नुपरेको नागरिकलाई असहाय ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ । त्यसै गरी, ऐनमा शारीरिक वा मानसिक रूपले अशक्त ज्येष्ठ नागरिकलाई अशक्त ज्येष्ठ नागरिक भनि परिभाषित गरेको छ । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको भए तापनि नेपालमा रहेका ज्येष्ठ नागरिकको अवस्था भने दयनीय रहेको छ । संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूत गरेको छ । दिगो विकास लक्ष्यमा ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा लगायत सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थानमा सर्वसुलभ पहुँच अभिवृद्धि गर्ने विषय समावेश भएको छ । सरकारले ज्येष्ठ नागरिकको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्ने कामका लागि वृद्धाश्रम (हेरचाह केन्द्र) र दिवा सेवा केन्द्र सञ्चालन, यातायातमा विशेष सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्तालगायत सेवासुविधा प्रदान गर्दै आएको छ । तर उनीहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय बनाई न्याय कायम गर्नुपर्ने आवश्यकता छ ।

कानुनी रूपमा संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण हासिल हुने संवैधानिक व्यवस्थाको साथै सामाजिक सुरक्षाको हक हासिल गर्नेगरी संवैधानिक ग्यारेन्टी गरेको अवस्था छ । संविधानकै धारा ४६ ले संवैधानिक उपचारको हकको समेत व्यवस्था गरेको अवस्थामा ज्येष्ठ नगरिकले अफूलाई समस्या भएमा अदालतको ढोकासमेत ढ्कढकाउन सक्ने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ अनुसार ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत अनुसार पालनपोषण तथा हेरचाह गर्नु, परिवारका प्रत्येक सदस्यको कर्तव्य हुने, ज्येष्ठ नागरिकले आफ्नो अंशलिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नुपर्ने, कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउन नहुने, ज्येष्ठ नागरिक वा निजलाई पालनपोण गर्ने परिवारका सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी, ऐनले प्रचलित कानुन बमोजिम अंशवण्डा गरिरहनु नपर्ने, आफ्नो अंशभागको चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफूखुशी गर्न पाउने व्यवस्था छ । नेपाल सरकार वा प्रचलित कानुन बमोजिम स्थापित संस्थाले कुनै क्षेत्रमा विशेष योग्यता वा अनुभव हासिल गरेका ज्येष्ठ नागरिकबाट सेवा लिनसक्ने तर यसरी सेवा लिएवाफत निजलाई त्यस्तो संस्थाले उचित पारिश्रमिक तथा सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । ज्येष्ठ नागरिकलाई सार्वजनिक साधन, सार्वजनिक कार्य, स्वाथ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई अवश्यक सेवासुविधा र सहयोग गराउनुपर्ने उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ भने स्वाथ्य सेवा प्रदान गर्ने संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वाथ्य सेवा प्रदान गर्नुपर्ने, नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाले तोकेको संख्यामा ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छुट् दिनुपर्ने व्यवस्था गरिएको छ । खानेपानी, विद्युत्, टेलिफोन तथा सार्वजनिक सेवा प्रदानमा समेत ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । ऐनमा उल्लेख भएअनुसार ज्येष्ठ नागरिकको हेरविचार, स्याहार सम्भार तथा सामाजिक सुरक्षा गर्ने प्रयोजनका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महिला बालबालिका तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा १७ जनाको केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको गठन गर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, हरेक जिल्लामा जिल्ला समन्वय समितिको सभापतिको अध्यक्षतामा ७ सदस्यीय जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन गर्न सकिने व्यवस्था छ भने नेपाल सरकार वा कुनै व्यक्ति वा प्रचलित कानुन बमोजिम गठन भएको संघसस्थाले नेपाल राज्यको कुनै स्थानमा हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा दुवैको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । नेपालको कानुनले ६० वर्ष पूरा गरेको नागरिकलाई ज्येष्ठ नागरिक मानेको छ भने ६८ वर्षपछि मात्र मासिक सुरक्षा भत्ता प्रदान गर्ने र परिचयपत्र उपलब्ध गराउने गरेको छ । यसरी दुईतर्फी उमेरका कारण ज्येष्ठ नागरिकको पहिचानमा द्विविधा उत्पन्न हुने गरेको छ । कानुनले ज्येष्ठ नागरिकलाई उनीहरूको इच्छाविपरीत सन्यासी, भिक्षु र फकिर बनाउनु नपाइने भन्ने व्यवस्था भएको र यदि कानुनविपरीतको कार्य गरेमा निजलाई कसुर बमोजिम सजाय गरिने व्यवस्था भएपनि कतिपय शहरमा ज्येष्ठ नागरिकलाई माग्ने लगाउने, भिक्षु बन्न बाध्य पार्ने जस्ता कार्य गर्ने गरेको पाइएको छ । कानुनी व्यवस्था अनुसार ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न ज्येष्ठ नागरिक कल्याण कोष स्थापना गर्ने व्यवस्था छ भने कोषमा नेपाल सरकारबाट प्राप्त रकम, विदेशी सरकार विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम, स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम र अन्य कुनै स्रोतबाट प्राप्त रकम जम्मा गरिने र उक्त कोषबाट भएको खर्चको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कुरा उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकको हकमा खासगरी सरकारले दिँदै आएको मासिक भक्ता पर्याप्त छैन् । यसमा खासगरी उमेर र अवस्था अनुसार परिमार्जन गनुपर्ने अवस्था छ ।

त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ मा वृद्धाश्रमको मापदण्डको व्यवस्था, ज्येष्ठ नागरिकलाई कैद माफीको व्यवस्था, त्यसैगरी ज्येष्ठ नागरिकको अभिलेख राख्नुपर्ने, ज्येष्ठ नागरिकलाई तोकिएको ढाँचामा परिचयपत्र दिनुपर्ने र उनीहरूलाई तीर्थाटन गराउने जस्ता कुराको व्यवस्था गरिको छ तर नेपालमा मापदण्ड पूरा नगरेका वृद्धाश्रमले गर्दा ज्येष्ठ नागरिकको अवस्था कहालीलाग्दो रहेको देखिएको छ । ज्येष्ठ नागरिक आफैंमा जीवित इतिहास हुन् जसले उनीहरूको अनुभव र ज्ञानले राष्ट्र र समाजले फाइदा लिन सक्दछ । त्यसैले उनीहरूको हेरचाह र संरक्षण आवश्यक छ । वर्तमान पन्ध्रौं योजना आर्थिक वर्ष २०७६/०७७- २०८०/०८१ मा ज्येष्ठ नागरिक कार्यक्रममा ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति गर्ने सोच, ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने लक्ष्य र पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवद्धन गर्नु, ज्येष्ठ नागरिकलाई आवश्यक सेवासुविद्या उपलब्ध गराउनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आर्थिक सामाजिक रूपान्तरण र विकासमा उपयोग गर्ने उद्देश्य तय गरिएको छ । उल्लेखित, लक्ष्य, उद्देश्य पूरा गर्नपारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकका लागि स्याहारसुसार उपयुक्त वातावरण सिर्जना गर्ने, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नका लागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने, असहाय एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने, ज्येष्ठ नागरिकको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षाका सेवालाई वृद्धि गर्ने रणनीति अवलम्बन गरिएको छ । ज्येष्ठ नागरिकको सन्दर्भमा इच्छापत्रको व्यवस्था गर्नु जरुरी देखिन्छ तर नेपालमा इच्छापत्रको चलन छैन । इच्छापत्रको मूल आधारले आफ्नो सम्पत्ति आफ्नो इच्छा अनुसार खर्च गर्न पाउने अधिकारको सुनिश्चित गर्दछ । नेपालको कानुन लेखा गरी सगोलको सम्पत्तिमा सबैको भाग लाग्ने कुरा उल्लेख गरेको छ । यसलाई व्यक्तिगत बनाउन सबै सदस्यको मञ्जुरी चाहिन्छ । नेपालमा इच्छापत्रसम्बन्धी कानुनी व्यवस्था नभए तापनि परम्परागत रूपमा यस्तै काम शेषपछिको बकसपत्र बीच निकै ठूलो भिन्नता छ । शेषपछिको बकसपत्रको माध्यमद्वारा सन्तान नहुनेले आफ्नो सम्पत्ति मृत्युपछि कसलाई दिने भन्ने तय गर्दछन् । ज्ञान र अनुभवका खानी ज्येष्ठ नागरिक राष्ट्रका गहना मात्र होइन्न रीतिरिवाज, परम्परा धर्म संस्कृति इत्यादिको प्रमुख माध्यम पनि ज्येष्ठ नगरिक हुन् । नेपालमा ज्येष्ठ नागरिकको व्यवस्थाका लागि विभिन्न कानुनी व्यवस्था रहे तापनि त्यसको प्रभावकारी कार्यन्वयन हुन नसकेको अवस्था छ । ज्येष्ठ नागरिकको उमेर बढ्दै जाँदा कमजोर आर्थिक अवस्थाका कारण छोराछोरीबाट अपहेलित हुँदै जान थालेका छन् । उनीहरूको उचित संरक्षणका लागि पहलकदमी नभएसम्म वृद्धाहरूको अवस्था झन कष्टकर बन्दै जानेछ । उनीहरूको सक्रिय रूपमा काम धन्दा गर्न कठिन हुँदै जाँदा आफन्तको बढी जरुरत पर्दछ । अहिलेको व्यस्त समयमा सबैका परिवार आफन्त कामकाजले फुर्सदिला हुँदैनन् । घरमा दिनभर वृद्धाश्रम एक्लै साहराविहीन भएर बाँच्न बाध्य छन् । जसले गर्दा उनीहरूमा मानसिक समस्याहरू समेत देखा पर्ने गर्दछन् । हाम्रो समाजमा कम उमेर भएकाहरूले आफूभन्दा ज्येष्ठ व्यक्तिलाई श्रद्धाको रूपमा हेर्ने र सोही अनुरूप व्यवहार एवंम सम्बोधन गर्ने चलन रहँदै आएको छ । सबै नागरिकले एकदिन सबैले ज्येष्ठ हुनुपर्छ भन्ने कुरास्मरण गर्दै ज्येष्ठ नागरिकको आदार र सम्मान गर्न सकेमा मात्र भावि पुस्ताले ज्येष्ठ नागरिकको सम्मान गर्ने, कानुन, ऐन तथा नीति नियमहरूको प्रभावकारी कार्यन्वयन गर्न सकेको खण्डमा मात्र यसले सार्थकता पाउँछ । ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, उनीहरूको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसकिनु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल बेवारिसे तथा पीडामा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, सन्तानले बाबुआमाप्रति पूरा गर्नुपर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु र ज्येष्ठ नागरिकप्रतिको श्रद्धा र सम्मानमा ह्रास आउने जस्ता समस्याले ज्येष्ठ नागरिककोको अवस्था नाजुक बन्दै गएको अवस्थालाई सम्बोधन गर्नु जरुरी देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :कामा राम्रो सुरुवात हुनेछ। अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ । | **तुला** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । |
| **बृष** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । | **बृश्चिक** : मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । |
| **मिथुन** : खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । | **धनु** : व्यापार लगायत आर्थिक लाभ हुने काममा जुट्ने समय छ । |
| **कर्कट** :दैनिक आवश्यकता पूरा हुनेछन्। भने मिहिनेतको फल प्राप्त हुनेछ । | **मकर** :शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलतालेराम्रै उपलब्धि दिलाउनेछ। |
| **सिंह** :अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौकाछ। | **कुम्भ** :बाहिरी काम छोडेर पनि आफन्त र परिवारलाई समय दिनुपर्ला । |
| **कन्या** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। | **मीन** :विभिन्न अवसर प्राप्त भए पनि परिस्थिति सोचेजस्तो सहज नरहला । |

# 'मिसगाइडेड' सिनेमा उद्योग, हरेक हप्ता पाँच करोड घाटा




पाँच महिना भयो नेपाली सिनेमाले उल्लेख्य व्यापार गर्न नसकेको । हरेक हप्ताजस्तो रिलिज हुने चलचित्रले हलसम्म दर्शक तान्न सकेका छैनन् । दशर्कको साथ नपाउँदा निर्माताले लगानी उठाउन सकिरहेका छैनन् । औसतमा एउटा चलचित्र बनाउन अढाई करोड लगानी हुने निर्माताले बताउन थालेका छन् । एउटा सिनेमा निर्माण गर्न अढाई करोड लाग्ने हो भने नेपाली चलचित्र उद्योगले हरेक हप्ता करिब पाँच करोड रुपैयाँ घाटा व्यहोर्दै आएको छ ।

कतिपय सिनेमाले शतप्रतिशतसम्म घाटा व्यहोर्ने गरेको निर्माता निर्मल शर्मा बताउँछन् । "हामीले भर्खरै मात्रै दुई/अढाई करोड लगानीमा बनेका सिनेमाले ८०/९० हजार मात्रै ग्रस कलेक्सन गरेको बक्सअफिस रिपोर्टमा देखेका छौँ," निर्मल भन्छन्, "यो भनेको शतप्रतिशत घाटाजस्तै हो ।" निर्माताको हातमा ५० लाख आउन सिनेमाको ग्रस कलेक्सन डेढ करोड रुपैयाँ हुनुपर्ने उनको अनुभव छ । "डेढ करोड ग्रस भयो भने मिडियामा ठूलो हल्ला हुन्छ । यति ग्रस हुँदा पनि डेढ करोडमा मात्रै सिनेमा बनेको छ भने पनि एक करोड त घाटा नै हुन्छ," उनी भन्छन्, "डेढ करोडमा त अहिले सिनेमा नै बन्न छोडिसके ।" अढाई करोडको सिनेमा बनाउँदा लगानी उठाउन साढे सातदेखि आठ करोड ग्रस कलेक्सन गर्नुपर्ने उनको भनाइ छ । ५० लाख मात्र हातमा आए अढाई करोडमा सिनेमा बनाएको निर्माता उच्च घाटामा हुन्छ । "यसरी हेर्दा मात्रै पनि नेपाली चलचित्र उद्योगले मासिक १८ देखि २० करोड रुपैयाँ घाटा व्यहोरिरहेको छ," निर्मल भन्छन्, "चलचित्र यस्तो बिजनेस हो, चलेन भने शतप्रतिशत त जान्छ नै, त्योभन्दा १० प्रतिशतको हाराहारीमा अरू रकम तिर्नुपर्छ । वितरकसँग लिएको एड्भान्स र पब्लिसिटीको रकम तिरेको हुँदैन, पछि त्यो पनि तिर्दा लगानीको अर्को १० प्रतिशतजति रकम जान्छ ।" बजारबाट कति रकम संकलन हुँदा लगानीकर्ताको हातमा कति पर्छ भन्ने जानकारी नयाँ निर्मातामा नहुँदा नेपाली चलचित्रले गुमाउने क्रम नरोकिएको उनी बताउँछन् । "नयाँ निर्माता सिनेमाबाट लगानी कसरी उठ्छ भन्नेबारे अनविज्ञ हुन्छन् । अनविज्ञ निर्मातालाई मिसगाइड गर्ने काम भइरहेको छ," निर्मल अगाडि थप्छन्, "मिसगाइड मात्रै नगर्ने हो भने पनि यति धेरै घाटा नेपाली चलचित्र उद्योगले व्यहोर्नुपर्ने थिएन ।" चलचित्र घाटामा जाने क्रम नरोकिएजस्तै निर्माण हुने र हरेक हप्ता नयाँनयाँ चलचित्र रिलिज गर्ने क्रम पनि रोकिएको छैन । चलचित्र वितरक गोविन्द शाही बक्सअफिस रिपोर्टलाई नजरअन्दाज गर्न नहुने बताउँछन् । बक्सअफिस रिपोर्टले हरेक हप्ता सिनेमा घाटामा गइरहेको देखाएको उनी सुनाउँछन् । "बक्सअफिसको तथ्यांकले देखाएको कुरालाई नकार्न सकिँदैन, तर किन यति धेरै सिनेमा बनिरहेका छन्, मलाई पनि थाहा छैन," उनी भन्छन्, "एउटा सिनेमाको लगानी डुबे पनि त्यसबाट सिकेर अर्को राम्रो बनाउँछु भन्ने सोचेर काम गरेको हो भने छुट्टै कुरा हो, तर त्यसो पनि कसैले गर्छ भन्ने लाग्दैन ।" दोहोरिएर सिनेमा बनाउने नयाँ निर्माताको संख्या अपवादजस्तै छ । त्यसैले पहिलो सिनेमा प्रयोगकै लागि नबनाउने गरेको पुष्टि हुन्छ । दर्शक तान्ने सिनेमा बनाउन नसक्नु नै लगानी डुब्नुको मुख्य कारण भएको उनी बताउँछन् । "दर्शक तान्ने सिनेमा बन्न सकेनन् । जुन चलचित्र दर्शकको मन छुने बनेको छ, त्यो चलेको छ," उनी भन्छन्, "छक्का पञ्जा, कबड्डीजस्ता चलचित्र चल्नुको कारण नै दर्शकले यसको विषयवस्तु र प्रस्तुतिकरण रुचाउनु हो ।"

ब्यानरले पनि सिनेमा चल्ने/नचल्ने निर्धारण गर्ने उनको भनाइ छ । 'हिट' सिनेमा दिएको समूहले बनाएका चलचित्र हेर्न दर्शक हलसम्म जाने गरेको गोविन्दको बुझाइ छ । "अहिले दर्शकले सुरुमै यो वर्ष यो ब्यानरको, यो कलाकारको सिनेमा हेर्छु भनेर निर्णय गरिसकेको हुन्छ," गोविन्द भन्छन्, "यसले गर्दा पनि नयाँ मेकरका सिनेमालाई अझै बढी रिस्क छ । हुन त यो नेपालमा मात्रै होइन, संसारभर नै यस्तै हो ।" मार्केटिङ रणनीति कमजोर, बजार सानो र बजेट, प्रविधि र मेकिङका हिसाबले पनि नेपाली सिनेमा कमजोर रहेको उनी बताउँछन् । यस्तो अवस्थामा बजारको रिसर्च गरेर मात्र अगाडि बढ्नुपर्नेमा उनी जोड दिन्छन् । मेकरले नेपाली सिनेमा बजारको अध्ययन नै नगर्ने गरेको उनको बुझाइ छ । नेपाली सिनेमाको बजारबारे नयाँ मेकरलाई काउन्सिलिङ गर्ने छुट्टै व्यवस्था हुनुपर्ने बेलाबेलामा कुरा उठाइने गरिन्छ । यसबारे निर्माता संघले चलचित्र विकास बोर्डलाई दबाब पनि दिँदै आएको छ । बोर्डले यसबारे कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल भइरहेको जनाएको छ । बोर्डका प्रवक्ता केएल पीडित नयाँ निर्माताका लागि परामर्श कक्ष स्थापना गर्नेबारे छलफल भइरहेको बताउँछन् । "चलचित्र बनाउँदाको प्रोसेस, बजार, कानुनी प्रक्रिया र सम्भावित कानुनी उल्झनका विषयमा परामर्श दिने परामर्श कक्ष स्थापित गर्ने भन्ने विषयमा छलफल चलिरहेको छ," प्रवक्ता पीडित भन्छन्, "तर, त्यस्तो परामर्श केन्द्रको स्वरूप कस्तो हुने, त्यसमा कोको रहने, क्षेत्राधिकार के हुनेजस्ता विषय पनि छलफलको विषय हो ।" परामर्श केन्द्रबारे सिनेमा क्षेत्रका जानकार र अनुभवी व्यक्तिहरूसँग छलफल गर्ने बोर्डले तयारी गरिरहेको उनले जानकारी दिए । सिनेमा निर्माण प्रक्रियाबारे सुरुमै नयाँ मेकरलाई बुझाइदिने र आधिकारिक तथ्यांक पारदर्शी रूपमा राखिदिए धेरै निर्माताले अध्ययन गरेर मात्र लगानी गर्ने निर्माता संघका अध्यक्ष नवल खड्काको धारणा छ । प्रक्रिया र बजार बुझेर लगानी गरे डुब्ने रिस्क तुलनात्मक रूपमा कम हुने उनको जिकिर छ । चलचित्र दर्ताका लागि आउने निर्मातालाई आफूहरूले काउन्सिलिङ गर्ने गरेको उनी बताउँछन् । "नेपाली सिनेमाको बजार, मार्केटिङ, बजेट, रिटर्न्स तथा बजेट कसरी कम गरेर सिनेमा बनाउने भन्नेबारे हामी आफूले जानेको बताउँछौँ," नवल भन्छन्, "तर, समस्या के हो भने अधिकांश निर्माताहरू सिनेमा दर्ता गर्न आफू आउनु हुन्न, अरूलाई पठाउनु हुन्छ । प्रोडक्सन मेनेर आउँछन्, उनीहरूले धेरै चलचित्रमा काम गरिसकेका हुन्छन् । त्यसैले हामीले सम्झाउने कुरै भएन ।" अधिकांश निर्माता सिनेमा डुबेपछि मात्र संघमा आउने गरेको उनको अनुभव छ । "सुरुमा निर्माता कहाँ हो भनेर खोज्दा अधिकांश अमेरिका, अष्ट्रेलिया तथा यूके हुनुहुन्छ भन्ने जवाफ आउँछ," उनी स्पष्ट पार्छन्, "हामीसँग आइपुग्ने त सिनेमाको लगानी डुबेपछि मात्रै हो ।"

क्विन मेरी युनिभर्सिटीको रिसर्च तथ्यांकानुसार हलिउडमा सिनेमाको सक्सेस रेट २० प्रतिशत छ । बलिउडको सक्सेस रेट ९ प्रतिशत छ । नेपालमा वार्षिक सिनेमाको सक्सेस रेट कति छ भन्ने यकिन तथ्यांक छैन । तर, निर्देशक तथा सिनेमाका अध्यता प्रमोद कँडेल यहाँको सक्सेस रेट करिब १२ प्रतिशतवरिपरि रहेको बताउँछन् । बलिउड र हलिउडमा सिनेमाको सक्सेस रेट क्रमश: २० र ९ प्रतिशत रहे पनि लगानी रिकभरीका हिसाबले यी दुवै चलचित्र उद्योग नाफामा छन् । बर्सेनि यी सिनेमा उद्योगमा जति लगानी हुन्छ, बक्सअफिसमा सफल चलचित्रको ग्रस कलेक्सन त्योभन्दा धेरै हुन्छ । त्यसैले समग्रमा हलिउड र बलिउड सिनेमा उद्योग नाफामा छन् । बलिउडभन्दा माथि सक्सेस रेट रहे पनि नेपाली सिनेमा उद्योग घाटामा छ । यहाँ वर्षभरि सिनेमा उद्योगमा हुने लगानीभन्दा धेरै कम रकम बक्सअफिस कलेक्सन हुने गरेको छ ।

*-बाह्रखरी डटकम*

# अब शुभेक्क्षालाई 'चित्रा'को भर



मिस नेपाल पृष्ठभूमिकी शुभेक्षा खड्काको फिल्ममा सुखद करिअर बन्न सकेको छैन । दुईटा फिल्ममा काम गरिसकेको भए पनि उनलाई अभिनेत्रीको रुपमा स्थापित हुन अझै संघर्ष गर्नुपरेको छ । 'रणवीर' उनको पहिलो फिल्म थियो । दोस्रो फिल्मको रुपमा 'प्रेमा' गरेकी थिइन् । तर, दुवै फिल्म व्यावसायिक रुपमा सफल भएनन् । न त अभिनयमै उनले आफूलाई प्रमाणित गर्न सकिन् ।

अब उनी तेस्रो फिल्ममा काम गर्ने तयारीमा रहेकी छिन् । 'पञ्चेबाजा' फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशनमा बन्न लागेको फिल्म 'चित्रा'मा उनले मुख्य भूमिकामा अभिनय गर्दैछिन् । अघिल्ला दुई फिल्मको कमजोर नतिजाले संकटमा परेको करिअरलाई 'चित्रा'बाट पुर्नजीवित गर्नुपर्ने चुनौती उनलाई छ । यसपटक अभिनयमा पनि आफूलाई सक्षम सावित गर्नुपर्ने दबाब उनीमाथि छ । यही भदौ अन्तिमदेखि छायांकन सुरु हुन लागेको फिल्ममा शुभेक्षासँगै अर्पण थापा, मेनुका प्रधान, प्रमोद अग्रहरी, सिम्रन खड्का, सन्तोष अधिकारी लगायतको पनि अभिनय रहनेछ । एसाप इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको फिल्मको कार्यकारी निर्मातामा सन्तोष अधिकारी छन् । एक साधारण बाबु र छोरीको कथालाई प्रस्तुत गर्न लागिएको फिल्मको लेखन मनिष गौतमले गरेका हुन् ।

*-फिल्मी खबर डटकम*

# 'एक भगवत गीता' विवाद : कसरी जुट्यो सहमति ?






झरना थापाको निर्देशन रहेको फिल्म 'एक भगवत गीता' को नामलाई लिएर उत्पन्न विवाद टुंगिएको छ । फिल्मको शीर्षक परिवर्तन गरेर 'एक भागवत र एक गीता' (सामाजिक कथा) राख्ने सहमतिसँगै दुई सातादेखिको विवाद आइतवार टुंगिएको हो । हिन्दू धर्मग्रन्थ 'श्रीमद् भागवत गीता'को नाममा फिल्म बनाएको भन्दै एक दर्जन धार्मिक संस्थाहरूले आपत्ति जनाएका थिए । उनीहरूले फिल्मको नाम परिवर्तनको माग राख्दै चलचित्र विकास बोर्ड र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा समेत निवेदन बुझाएका थिए ।

उक्त नामले धार्मिक आस्थामा चोट पुग्ने बताउँदै नाम परिवर्तन नभएसम्म फिल्मलाई बोर्डबाट सेन्सरका लागि सिफारिस नगरिदिन धार्मिक संस्थाहरूको अनुरोध थियो । त्यसपछि विकास बोर्डले सेन्सर सिफारिसलाई थाती राखेर दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो । आइतबार चलचित्र विकास बोर्डमा फिल्मको टिम, धार्मिक संस्थाका प्रतिनिधि, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीसहित अन्य फिल्मकर्मीहरूको समेत सहभागितामा २ घण्टा लामो छलफल भएको थियो । पाँचौं पटकको उक्त छलफलपछि नाम परिवर्तन गर्नेमा दुवै पक्षबीच सहमति जुटेको हो । निर्माता एवं अभिनेता दीपकराज गिरीले फिल्म प्रदर्शनको अन्तिम घडीमा नामै परिवर्तन गर्न निर्माण पक्षलाई अप्ठ्यारो हुने बताउँदै धार्मिक संघसंस्थाका प्रतिनिधिलाई सहमतिका लागि सहजीकरण गरिदिएका थिए । फिल्मको नयाँ शीर्षकका लागि पनि थुप्रै नामहरू सिफारिस गरिएको थियो । 'एक भागवत र एक गीताको कथा', 'एक भागवत र एक गीताको प्रेमकथा', 'एक गीता भगवत', 'एक भागवत' वा 'एक गीता', 'अर्को भागवत गीता', 'एक भागवत-गीता' आदि नाम सिफारिस भएका थिए । नामलाई लिएर सहमति जुट्न नसकिरहँदा निर्देशक दीपेन्द्र के. खनालले 'एक भागवत एक गीता' शीर्षक सिफारिस गरेका थिए । यस शीर्षकमा निर्माण पक्ष सहमत भयो । धार्मिक संस्थाका प्रतिनिधिहरूले भने शीर्षकमा 'र' थप्नुपर्ने तथा ब्राइकेटभित्र सामाजिक कथा लेख्नुपर्ने सर्त अघि राखेका थिए । त्यसमा पनि निर्माण पक्ष सहमत भएपछि विवाद टुंगोमा पुगेको हो ।

नयाँ शीर्षकमा सहमति जुटेपछि बोर्ड अध्यक्ष भुवन केसीले दुवै पक्षलाई खादा लगाएर धन्यवाद व्यक्त गरेका थिए । उनले विकास बोर्डले सेन्सर सिफारिस रोक्न नमिल्ने बताउँदै दुवै पक्षलाई मिलाउने प्रयास गरेको बताए । दुई पक्षबीचको सहमतिले भोलिका दिनमा हुनसक्ने ठूलो दुर्घटना टरेको उनले बताए । 'हामीले सेन्सर सिफारिस रोक्न मिल्दैन । र, रोकेका होइनौं पनि । फिल्म रोक्ने-नरोक्ने अधिकार त सेन्सर बोर्डलाई हुन्छ' अध्यक्ष केसीले भने, 'नाममा आपत्ति जनाउँदै धर्म गुरुहरू आइसकेपछि यसलाई सहज तरिकाले मिलाउन सके राम्रो हुन्थ्यो भनेर दुवै पक्ष राखेर मिलाउने कोसिस विकास बोर्डले गरेको हो । सहमति नभएको भए भोलि ठूलो दुर्घटना पनि हुन सक्थ्यो । त्यो नहोस् भन्नकै लागि बोर्डले सहमतिको प्रयास गरेको थियो ।' आइतबारको छलफलमा फिल्मको टिम र धार्मिक संघसंस्थाका प्रतिनिधि, विकास बोर्ड अध्यक्ष केसीका साथमा चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्का, निर्माता एवं अभिनेता दीपकराज गिरी, निर्देशक तथा कलाकार खगेन्द्र लामिछाने, निर्देशक दीपेन्द्र के. खनाल लगायत उपस्थित थिए ।

फिल्मकर्मी एवं धार्मिक संघसंस्थाका प्रतिनिधिहरूले बोर्ड अध्यक्ष केसीको संयमता र धैर्यता सराहनीय रहेको भन्दै प्रशंसा गरेका थिए । अब फिल्म प्रदर्शनमा कुनै पक्षबाट विरोध वा व्यवधान नगर्ने र प्रचार एवं प्रवर्द्धनमा सबै पक्षले सहयोग गर्ने सहमति समेत भएको छ । विवाद मिलेसँगै फिल्मको सेन्सर प्रक्रिया शुरु भएको जनाइएको छ । भदौ २९ गतेबाट प्रदर्शनमा आउने फिल्ममा विपिन कार्की, सुहाना थापा र धिरज मगरको शीर्ष भूमिका छ । सुनीलकुमार थापा फिल्मका निर्माता हुन् । सहमति जुटेसँगै नयाँ शीर्षकको पोस्टर समेत निर्माण पक्षले आइतबार नै सार्वजनिक गरिसकेको छ ।

*-लोकान्तर डटकम*

# पूर्वखोला स्वास्थ्य शाखा उत्कृष्ट घोषित

कृष्ण पोखरेल

**पाल्पा,** भदौ २६/गत आर्थिक वर्षमा पाल्पाका १० स्थानीय तहमा पूर्वखोला गाउँपालिका स्वास्थ्य सेवा प्रदानमा उत्कृष्ट स्वास्थ्य शाखाको रुपमा घोषित भएको छ । जिल्ला स्वास्थ्य कार्यालयले गरेको वार्षिक समीक्षा तथा आगामी कार्ययोजना कार्यक्रमको अवसरमा विभिन्न २५ वटा स्वास्थ्य सूचकको आधारमा गरिएको मूल्याङ्कनमा पूर्वखोला ८३.८१ अंक ल्याई जिल्लामै उत्कृष्ट भएको हो ।

निस्दी गाउँपालिका स्वास्थ्य शाखा मूल्याङ्कनमा दोस्रो भएको छ । निस्दीले ८३.५२ अंक प्राप्त गरी नतिजामा दोस्रो भएको हो । रैनादेवी छहरा गाउँपालिका स्वास्थ्य शाखा नतिजामा तेस्रो भएको छ । रैनादेवी स्वास्थ्य शाखाले ८३.१९ अंक प्राप्त गरी तेस्रो भएको हो । मूल्याङ्कनमा ८० देखि ८३ सम्म अंक ल्याउने ६ वटा पालिका र ७८ देखि ८० अंक ल्याउने ३ पालिका र एक पालिकाले ७८ भन्दा कम अंक प्राप्त गरेको जिल्ला स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत टुकप्रसाद पोखरेलले जानकारी दिए । समग्रमा मूल्याङ्कनको नतिजा हेर्दा पाल्पामा स्वास्थ्य सूचकहरुको कार्यान्वन तथा प्रगति सन्तोषजनक रहेको कार्यालय प्रमुख डा.राजेन्द्र गिरीले बताए । उत्कृष्ट भएका पूर्वखोला स्वास्थ्य शाखा प्रमुख मोहन ढकाल, निस्दीका स्वास्थ्य शाखा प्रमुख रेमबहादुर दिशा र रैनादेवी छहरा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख जीवन रानालाई पाल्पाली ढाका टोपी र सम्मानपत्रबाट पुरस्कृत गरिएको थियो । कार्यक्रममा कार्यालयका कार्यालय सहायक टीकाबहादुर भाट र प्रशासन प्रमुख लेखनाथ अर्यालालाई समेत उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिएको थियो ।



कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद एवं पूर्वमन्त्री वीरबहादुर रानाले मन वचन र कर्मले जनताको सेवा गर्न पालिकाका स्वास्थ्य शाखा प्रमुखहरुलाई अनुरोध गरे । कर्मचारीले राजनीतिक आस्था भन्दा माथि उठेर कार्यालयमा पुगेका सेवाग्राहीलाई खुसी बनाएर काम गर्न स्वास्थ्यकर्मीहरुलाई प्रदेश सांसद रानाले आग्रह गरे । सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै पालिकाको समग्र स्वास्थ्यलाई राम्रो बनाउने जिम्मेवारी स्वास्थ्य शाखा प्रमुखको रहेकोले सोही अनुसारको जिम्मेवारी निर्वाह गर्न सांसद रानाले आग्रह गरे ।

जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, पूर्वखोलाका स्वास्थ्य शाखा प्रमुख मोहन ढकाल, तिनाउ गाउँपालिका स्वास्थ्य शाखा प्रमुख कृष्ण कार्कीले जिल्ला स्वास्थ्य कार्यालयले गरेको वार्षिक समिक्षा र आगामी कार्ययोजनाका विषयमा गहन छलफल भएको कामको दौरानमा भएका कमीकमजोरी सच्चाउँदै जाने र राम्रा कामहरुको अनुशरण गर्दै जाने बताए । कार्यालय प्रमुख डा.राजेन्द्रकुमार गिरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सूचना अधिकारी टीकाराम अधिकारीले गरेका थिए ।

# रामपुरमा गौशालिकको अनावरण

**पाल्पा,** भदौ २६/जिल्लाको रामपुर नगरपालिका वडा ६ मिलनचोकमा निर्माण भएको गौशालिकको अनावरण गरिएको छ । रामपुर नगर गौशाला समितिले निर्माण गरेको कामधेनु गाईको शालिक वैदिक विधिपूर्वक प्राण प्रतिष्ठा गरी अनावरण गरिएको हो ।

गौशालिक निर्माणसंगै मिलनचोकलाई गौशाला चोक नामाकरण गरिएको छ । गाई र दुध खाँदै गरेको बाच्छो सहितको गौशालिक अनावरण गर्दै रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले पछिल्लो समय धार्मिक विवादहरु बाहिर आइरहेको सन्दर्भमा सहिष्णुता कायम गरी एकले अर्को धर्मको सम्मान गर्दै अघि बढ्न आग्रह गरिन् । उनले चल्दै आएको धर्म र संस्कृतिलाई निरन्तरता दिनु आवश्यक रहेको बताइन् । उनले गाई राष्ट्रिय जनावर मात्रै नभई धार्मिक, साँस्कृतिक महत्व रहेकाले संरक्षणमा ध्यान दिनु हामी सबैको दायित्व भएको उल्लेख गरिन् । गाईको संरक्षणका लागि सञ्चालन हुँदै आएको गौशाला व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्दै आएको उपप्रमुख थापाले बताइन् ।



कार्यक्रममा रामपुर नगरपालिकाका प्रवक्ता कपिलबहादुर खाँणले गौमाताले दैनिक जीवनमा मात्र नभई संस्कार र संस्कृति संरक्षणमा पनि टेवा दिने बताए । पण्डित दिननाथ भण्डारीले गौमाताको महत्व सबैभन्दा ठूलो भएपनि गाई सबैभन्दा हेलामा परेको बताए । कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य विष्णुमाया ढकालले नेपालमा धार्मिक द्वन्द्व सिर्जना गर्न विभिन्न प्रयास भैरहेको भन्दै यस प्रति सचेत हुन आवश्यक रहेको बताए । कार्यक्रममा नेपाली कांग्रेस रामपुरका नगर सभापति नेत्रप्रसाद भट्टराई, नेकपा एकिकृत समाजवादीका केन्द्रिय सल्लाहाकार लेखनाथ पोखरेल, नेकपा माओवादी केन्द्र रामपुरका अध्यक्ष यमबहादुर सुनार, राष्ट्रिय प्रजातन्त्र पार्टीका पाल्पाका सदस्य राजेन्द्रप्रसाद ढकाल र राष्ट्रिय जनमोर्चा रामपुरका नगर अध्यक्ष रामप्रसाद गैरे लगायतले बोल्दै धर्मको नाममा एक माथि अर्को प्रहार गर्ने प्रवृति बढ्दै गएको बताएका थिए । हाम्रो धर्म र संस्कृतिमा आँच आउने गरी भएका गतिविधि प्रति गम्भीर हुन आवश्यक भन्दै गौशालिक निर्माणले पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने बताएका थिए । रामपुर नगर गौशाला समितिका अध्यक्ष हुमनाथ न्यौपानेले पछिल्लो समय राष्ट्रिय जनावर संगै माताको रुपमा पुज्दै आएको गाईको हत्या गर्ने, हेला गर्ने प्रवृति बढ्दै गएकाले गाईको संरक्षणका लागि सन्देश प्रवाह गर्न गाईको शालिक निर्माण गरिएको बताए । उनले नगर गौशालाको पहिचानसंगै यसलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न ९० हजारको लागतमा शालिक निर्माण गरिएको जानकारी दिए ।

रामपुर नगर गौशाला समितिका अध्यक्ष हुमनाथ न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रम समितिका उपाध्यक्ष थानेश्वर अधिकारीको स्वागतबाट सुरु भएको थियो । सहभागीहरुलाई सल्लाहकार सागरप्रसाद देवकोटाको धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन सहसचिव सुदिप गैरेको सञ्चालनमा भएको थियो । भजनकृतनका साथ भएको कार्यक्रममा धार्मिक तथा गौसंरक्षणका अभियन्ता, पण्डित, राजनैतिक दल, जनप्रतिनिधि तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

## खेलकुद समाचार

# एसियाडको सेफ दि मिसनमा घिसिङ नियुक्त



**काठमाडौं,** भदौ २६/चीनको हाङ्झाउमा हुने १९औं एसियन गेम्सका नेपालको सेफ दि मिसनमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ नियुक्त भएका छन् ।

नेपाल ओलम्पिक कमिटीको सोमबार बसेको १६औं कार्यकारी बैठकले एसियन गेम्सको सेफ दि मिसनमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङलाई नियुक्त गरेको छ । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले नेपालको डेपुटी सेफ द मिसनमा कमिटीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्दराज बैद्य र परिषद्को बोर्ड सदस्य अञ्जन धमलालाई नियुक्त गरेको छ । बैठकले ओलम्पिक बडा पत्रको धारा २७ र २८ को उपधारा ४ र ५ अनुसार निर्णय गरेको हो । त्यस अनुसार ओलम्पिक कमिटीले सेफ दि मिसनको नियुक्ती गर्ने गर्छ । प्रतियोगिताका सहभागी हुने खेलाडी, पदाधिकारी र अरू सदस्य सेफ दि मिसनको जिम्मेवारीमा रहने गर्छ । प्रतियोगिताका क्रममा सेफ दि मिसन खेलाडी भिलेजमा बस्नु पर्ने र तिनको पहुँच चिकित्सकीय, प्रशिक्षण तथा प्रतिस्पर्धा स्थल, मिडिया सेन्टर र एसियाली फेमिली होटलमा पनि हुने गर्छ ।

यस्तै बैठकले प्रतियोगितामा सहभागी हुने खेल तथा त्यसमा सहभागी हुने खेलाडी संख्याको पनि अन्तिम निर्णय गरेको छ । त्यस अनुसार १९औं एसियन गेम्समा नेपालबाट २९ खेलमा २५३ खेलाडीका सहभागिता रहने छ । भदौ १२ मा भएको भएको अनलाइन डेलिगेसन रजिस्ट्रेसन बैठक (डीआरएम) अनुसार यो निर्णय भएको हो । त्यसमा कमिटीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक बैद्य र कार्यालय सचिव सुजनलाल श्रेष्ठ तथा परिषदको बोर्ड सदस्य धमलाले भाग लिएका थिए । अब भौतिक उपस्थितिमा अन्तिम डीआएम भदौ ३० मा हाङझाउमा बस्नेछ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कम्पनी दर्ता असोज १५ गतेदेखि अनलाइनबाट




**काठमाडौं,** भदौ २६/कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता हुने प्राइभेट लिमिटेड तथा पब्लिक लिमिटेड कम्पनी आगामी असोज १५ गतेदेखि अनलाइन माध्यमबाट दर्ता हुनेभएका छन् । कम्पनी दर्ता तथा प्रशासन सम्बन्धी सेवालाई छिटोछरितो, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन कम्पनी दर्तालाई अनलाइनका माध्यमबाट गर्न लागिएको कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार शेखर बाबु कार्कीले जानकारी दिए ।

"नयाँ कम्पनी अनलाइनबाट दर्ता गर्ने व्यवस्था असोज १५ गतेबाट पूर्णरुपमा लागू हुँदैछ । नवीकरण भने केही समय भौतिक रुपमा र त्यसपछि अनलाइनबाटै गर्ने तयारी गरेका छौं", उपरजिष्ट्रार कार्कीले भने । कम्पनी रजिस्ट्रारको कार्यालयले प्रयोग गरिहेको पुरानो सफ्टवेयर परिवर्तन भएको र नयाँ सफ्टवेयर ल्याएपछि तथ्याङ्क स्थानान्तरण (डाटा माइग्रेसन) का लागि केही समय लाग्ने उनको भनाइ छ । जसकारण नवीकरणका काम भने भौतिक रुपमै हुनेछन् । अनलाइनबाट दर्ता हुने कम्पनीले कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागजातमा हस्ताक्षर गर्न अनुमतिप्राप्त कम्पनीको अध्यक्ष, सञ्चालक वा कम्पनी सचिवको नमुना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनुपर्नेछ । केही समयका लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेस गरी सेवा लिने वा विद्युतीय हस्ताक्षरमार्फत् कागजात पेस गरी डिजिटल सेवा लिने भनी विकल्प उपलब्ध गराइने कार्यालयले जनाएको छ ।

विद्युतीय हस्ताक्षरमार्फत् सेवा माग गर्न इच्छुक कम्पनीले सरकारबाट विद्युतीय हस्ताक्षरको साँचो (कि) लिनुपर्नेछ । चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटले कम्पनी दर्तालगायतका काम विद्युतीय माध्यमबाट गर्ने व्यवस्था राखेको थियो । कागजरहित सरकार (पेपरलेस गभर्नेन्स)को अवधारणालाई मूर्तरुपमा दिन सरकारका सबै सँैय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गर्ने पनि सरकारको योजना छ । त्यस्तै, सार्वजनिक सेवाबापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क 'क्यूआर कोड' लगायत विद्युतीय माध्यमबाट राजस्व खातामा जम्मा गर्न सकिने व्यवस्था मिलाइने पनि वार्षिक बजेटमा उल्लेख छ । -रासस

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५–५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

नव जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई